गाउँ कार्यपालिकाको १८औं बैठकको निर्णय

निर्णय नं १.

रुन्टीगढी गाउँपालिका होलेरी रोल्पाले निर्माण गरेको स्थानीय पाठ्यक्रम स्वीकृतिका लागि शिक्षा समितिबाट समेत सिफारिस भइ आएको सन्दर्भमा त्यस माथि व्यापक छलफल भयो। साथै स्थानीय राजनैतिक दल, बुद्धिजिवि लगायतका सरोकारवालाहरुको पुनः छलफलबाट आएका सुझाबहरुलाई समेट्दै छपाइ गर्ने गरि स्वीकृती गर्ने।

निर्णय नं २

रुन्टीगढी गाउँपालिका गाउँ कार्यपालिकाले आबश्यकता महशुस गरि निर्माण गरेका मस्यौदाहरु विधायन समितिमा दफावार छलफल भइ आबश्यक सुधार सहित पारित भई प्रातिवेदन पेश भएका देहायका कानूनहरु स्वीकृत गर्ने।

तपसिलः

१ बजार व्यवस्थापन सम्बन्धी कार्यविधि,२०७९

२ फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यविधि,२०७९

३ रुन्टीगढी गाउँपालिकाको मेलमिलाप केन्द्र संचालन सम्बन्धी कार्यविधि, २०७९

४ विपद व्यवस्थापन कोष संचालन कार्यविधि, २०७९

५ रुन्टीगढी गाउँपालिकामा करारमा कर्मचारी भर्ना गर्ने सम्बन्धी कार्यविधि, २०७९

निर्णय नं ३

बैदेशिक रोजगार बोर्डको सचिवालय र रुन्टीगढी गाउँपालिका होलेरी रोल्पाबिच बैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरुको लागि पुनः एकिकरण कार्यक्रम संचालन तथा कार्यान्वयन गर्ने सम्बन्धमा मिति २०८०।०१।०६ गते भएको सम्झौता अनुसार यस कार्यालयले कार्यक्रम प्रस्ताव गर्दा प्रतिवद्धता गरेको जम्मा लागत रु ४,७३३,५००/- को १० प्रतिशतले हुने आउने रकम रु ४,७३,३५०/- गाउँपालिकाको समपुरक कोषबाट व्यहोर्ने।

निर्णय नं ४

रुन्टीगढी गाउँपालिकामा रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यबस्थित बसोबासीको वडागत रुपमा संकलन भएका तथ्याङ्कहरुको कम्प्युटर प्रविष्टिको लागि गाउँपालिकामा कार्यरत सूचना प्रविधि अधिकृतलाई आफुले खाईपाई आएको तलबको ५० प्रतिशत रकम प्रोत्साहन स्वरुप उपलब्ध गराउने गरि तथ्याङ्क प्रविष्टि गर्न जिम्मेवारि तोक्ने।

निर्णय नं ५

डिभिजन बन कार्यालय रोल्पाको मिति २०७९।१२।१२ मा आएको पत्रानुसार विकास निर्माणका कार्यहरु संचालन गर्दा बन क्षेत्र पर्ने स्थानहरुमा बन क्षेत्रको विनास तथा क्षति वा हानि नोक्सानी कम हुने गरि गर्ने भन्ने सन्दर्भमा यस गाउँपालिका बन क्षेत्र संरक्षण कार्यमा संवेदनशिल भएकोले विकास निर्माणका कार्यहरु

संचालन गर्दा बन क्षेत्रको क्षति तथा हानि नोक्सानी नहुने गरि गर्ने क्षति हुने अबस्थामा सामुदायीक बन उपभोक्ता समितिसँग समन्वय गरि कम भन्दा कम क्षति हुने गरि कार्य संचालन गर्ने।

<u>निर्णय नं ६</u>

रुन्टीगढी गाउँपालिकाको नगरप्रहरी कार्यविधि,२०७५ संशोधन गर्ने तथा कृषि हाटबजार संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधिको निर्माण गर्न सैद्धान्तिक सहमति दिने।

<u>निर्णय नं ७</u>

यस रुन्टीगढी गाउँपालिका वडा नं ४ को तल्लो मसिनामा बाटो निर्माण गर्दा ब्रेकरले ढुङ्गा फुटाउदा ढुङ्गा छरिन गइ तारा कवरको ट्वाइलेट पुर्ण रुपमा नष्ट भएकोले निजलाई तपसिल बमोजिम आर्थिक सहयोग दिने।

| क्र सं | नामथर | ठेगाना | समस्या | रकम |
|---|---|---|---|---|
| १ | तारा कवर | रुन्टीगढी ४, रोल्पा | बाटो निर्माणमा क्रममा ट्वाइलेट क्षति भएको | रु.७,०००/- |